# भाग ५

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना

नेपाल सरकारले कोशीटप्पु वन्यजन्तु आरक्षबाट विस्थापितका समस्या समाधान गर्नका लागि नेपाल सरकारको मिति २०७८/१२/२४ को निर्णय अनुसार गठित कोशीटप्पु वन्यजन्तु आरक्ष विस्थापितका समस्या समाधान आयोगको प्रतिवेदनको प्रमाण खण्डमा संलग्न लगत मध्येबाट जग्गा सट्टाभर्ना पाउन बाँकी भनी उल्लिखित ७५ परिवारलाई जग्गा सट्टाभर्ना उपलब्ध गराउने लगायतका विषयमा तीन महिनाभित्र कार्य सम्पन्न गर्ने गरी देहाय बमोजिमको अधिकार सम्पन्न उच्चस्तरीय आयोग गठन गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

### १. उच्चस्तरीय आयोगको गठन

| | | |
|---|---|---|
| (क) | श्री रकम चेम्जोङ, चौबिसे-६, धनकुटा | -अध्यक्ष |
| (ख) | श्री मनोहर नारायण श्रेष्ठ, धनकुटा-६,धनकुटा | -सदस्य |
| (ग) | श्री सन्तोष कुमार थारु, पूर्व कुशाहा-४, सुनसरी | -सदस्य |
| (घ) | प्रमुख जिल्ला अधिकारी, मोरङ्ग | -सदस्य |
| (ङ) | डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय, मोरङ्ग | -सदस्य |
| (च) | प्रमुख मालपोत अधिकृत, मोरङ्ग | -सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) प्रमुख नापी अधिकृत, मोरङ्ग -सदस्य

(ज) प्रमुख, जिल्ला प्रहरी कार्यालय, मोरङ्ग -सदस्य

(झ) वरिष्ठ संरक्षण अधिकृत, कोशीटप्पु वन्यजन्तु आरक्षको कार्यालय -सदस्य-सचिव

**२. उच्चस्तरीय आयोगको काम, कर्तव्य र अधिकार**

(क) कोशीटप्पु वन्यजन्तु आरक्षबाट विस्थापित भई जग्गा सट्टाभर्ना पाउन छुट भएका नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७८/१२/२४ को निर्णय अनुसार गठित आयोगको प्रतिवेदनको प्रमाण खण्डमा संलग्न लगत मध्येबाट जग्गा सट्टाभर्ना पाउन बाँकी भनी उल्लिखित ७५ परिवारको छानबिन तथा यकिन गरी अधिग्रहण गर्दाको अवस्थामा नेपाल सरकारबाट निर्धारित शर्त तथा मापदण्डका साथै पूर्व प्रतिवेदन समेतको आधारमा जग्गा सट्टाभर्ना दिनुपर्ने भएमा उपयुक्त स्थानको पहिचान गरिएको विवरण वा मुआब्जा दिनुपर्ने भएमा सो सहितको प्रतिवेदन नेपाल सरकारमा पेश गर्ने। यस सम्बन्धमा नेपाल सरकारबाट स्वीकृति प्राप्त भएपश्चात सो स्थानबाट जग्गा सट्टाभर्ना दिने वा मुआब्जा दिने।

(ख) नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७८/१२/२४ को निर्णय अनुसार गठित आयोगको प्रतिवेदनमा उल्लिखित विवरण अनुसार मोरङ्गको केचनामा जग्गा वितरण गरी बाँकी रहेको ५०८-८-१५ बिघा जग्गामा अतिक्रमण क्षेत्र खाली गराई कोशी टप्पु वन्यजन्तु आरक्षबाट विस्थापित भई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जग्गा सट्टाभर्ना पाउन छुट भएकालाई जग्गा सट्टाभर्नाको लागि पहल गर्ने।

(ग) कोशीटप्पु वन्यजन्तु आरक्षबाट विस्थापितहरूलाई जग्गा सट्टाभर्ना दिनुपर्ने देखिएमा जग्गा सट्टाभर्ना कुन प्रकृयाबाट गर्ने, सो का लागि प्रचलित कानून बमोजिम कुन कुन अधिकार प्रत्यायोजन गर्नु पर्ने हो तथा जग्गा सट्टाभर्नाको लागि कति समय आवश्यक पर्ने हो सो समेत खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्ने र नेपाल सरकारको निर्णय अनुसार कार्यान्वयन गर्ने।

**३. उच्चस्तरीय आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको सेवा सुविधाः**

(क) उच्चस्तरीय आयोगका अध्यक्षलाई नेपाल सरकारको राज्यमन्त्रीले पाए सरह र बहालवाला सरकारी कर्मचारी बाहेक नियुक्त हुने अन्य सदस्यहरूलाई नेपाल सरकारको सहायक मन्त्रीले पाए सरहको पारिश्रमिक र सवारी साधन तथा इन्धन वापत पारिश्रमिक बराबरको रकम मासिक रूपमा उपलब्ध गराउने,

(ख) कार्यरत रहँदासम्म आयोगमा खटी आउने सरकारी कर्मचारीलाई खाइपाइ आएको शुरु तलब स्केलको पच्चिस प्रतिशत भत्ता उपलब्ध गराउने ।

**४. जनशक्तिः** उच्चस्तरीय आयोगको कार्यालयमा आवश्यक पर्ने देहाय बमोजिमको जनशक्ति आयोगको सिफारिसमा सम्बन्धित कार्यालयले काजमा खटाउन सक्नेछः-

(क) कोशीटप्पु वन्यजन्तु आरक्षको
राजपत्राङ्कित अधिकृतस्तर कर्मचारी -१ जना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (ख) | नापी कार्यालयको राजपत्राङ्कित अधिकृतस्तर कर्मचारी | -१ जना |
| (ग) | कोशीटप्पु वन्यजन्तु आरक्षको राजपत्र अनङ्कित कर्मचारी | -१ जना |
| (घ) | नापी कार्यालयको राजपत्र अनङ्कित कर्मचारी | -२ जना |
| (ङ) | जिल्ला प्रशासन कार्यालयको राजपत्र अनङ्कित कर्मचारी | -१ जना |
| (च) | मालपोत कार्यालयको राजपत्र अनङ्कित कर्मचारी | -१ जना |
| (छ) | कार्यालय सहयोगी (करार) | -१ जना |

५. **उच्चस्तरीय आयोगको बजेटः** उच्चस्तरीय आयोगलाई आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले वन तथा वातावरण मन्त्रालयलाई उपलब्ध गराउने।

**आज्ञाले,**
**डा. दिपक कुमार खराल**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.२५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।